आज मिति २०८१।०९।२८ गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्धराम तिमिल्सिना, लेखा अधिकृत

२. बासु पण्डित, प्रशासन अधिकृत

३. तेज कुमार धमला, अधिकृत छैठौं

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ४९
अध्यक्षताः श्री दान बहादुर गुरुङ
बैठक मितिः २०८१।०९।२८
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ८:०० बजे

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमति प्रदेश, नेपाल

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०९।२८ | १०:०० बजे | चालु आ.व. को बजेट, योजना तथा कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा। | योजना/आ.प्र. शाखा | १ |
| २०८१।०९।२८ | १०:१५ बजे | आन्तरिक स्रोतबाट विनियोजित भएका योजनाहरुको स्रोत अभाव भई हुने (घाटा) पूर्ति गर्न समपुरक तर्फको बचत रकमबाट बेहोर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८१।०९।२८ | १०:२० बजे | नदिजन्य पदार्थको विक्रि वितरण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८१।०९।२८ | १०:२५ बजे | उमेर हदका कारण सेवाबाट अलग हुनुहुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान सहित विदाई गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ४ |
| २०८१।०९।२८ | १०:३० बजे | सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८१।०९।२८ | १०:३५ बजे | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु संशोधन तथा योजना सञ्चालन स्वीकृतार्थ गाउँसभामा पेश गर्ने सम्बन्धमा। | रोजगार सेवा केन्द्र | ६ |
| २०८१।०९।२८ | १०:४० बजे | गाउँ कार्यपालिकाको निर्णय अनुमोदनको लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| २०८१।०९।२८ | १०:४५ बजे | गाउँ कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने प्रस्ताब गाउँसभामा पेश गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८१।०९।२८ | १०:५० बजे | निःशुल्क स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमको खाजा, खाना र घर बास खर्च सम्बन्धमा। | स्वास्थ्य शाखा | ९ |
| २०८१।०९।२८ | १०:५५ बजे | वडा नं. ६ स्थित निजी जग्गा खार्दा निस्किएको ढुङ्गा तथा माटो विक्रि वितरणको लागि अनुमति दिने मिति २०८१।०९।२१ गतेको कार्यपालिका बैठकको निर्णय अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |
| २०८१।०९।२८ | ११:०० बजे | कर्मचारीहरुको स्तर बृद्धि सम्बन्धमा। | प्रशासन शाखा | ११ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०९।२१ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**४९ औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** चालु आ.व. २०८१।०८२ को बजेट, योजना तथा कार्यक्रम तपसिलमा उल्लेख भएबमोजिम संशोधन तथा रकमान्तर गर्न गाउँ सभामा पेश गर्ने।

**तपसिलः**

*रकम रु हजारमा*

| क.सं. | बजेट शीर्षक | बजेट प्रकार | बजेट रकम घटाउने | बजेट रकम थप गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | अत्यावश्यक औषधि तथा सर्जिकल सामाग्री खरिद | चालु | ५००.०० | | |
| २ | डिस्पेन्सरी तथा मिनिल्याब सञ्चालन | चालु | ५००.०० | | |
| ३ | मुहान संरक्षण तथा पुनर्भरण कार्यक्रम | पूँजिगत | ५००.०० | | |
| ४ | पालिका स्तरीय छात्रवृत्ति कार्यक्रम | चालु | | २००.०० | |
| ५ | करार शिक्षक छनौट व्यवस्थापन खर्च | चालु | | १००.०० | |
| ६ | अन्तरक्लब खेलकुद तथा सांस्कृतिक प्रतियोगिता | चालु | ३००.०० | | |
| ७ | सीप विकास जनचेतना तालिमा तथा गोष्ठी सम्बन्धि खर्च | चालु | ५००.०० | | |
| ८ | बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिँचाइ कार्यक्रम | चालु | ४००.०० | | |
| ९ | कृषि उत्पादनमा आधारित प्रोत्साहन | चालु | ४००.०० | | |
| १० | रैथाने बाली संरक्षण तथा प्रवर्द्धन | चालु | ३००.०० | | |
| ११ | कोसेली घर सञ्चालन तथा स्थानीय बाली बजारीकरण | चालु | २००.०० | | |
| १२ | रिग्दीखोला तथा मोवाखोला सिमानामा स्वागत गेट निर्माण | पूँजिगत | २,०००.०० | | |
| १३ | रिग्दीखोला सिमानामा स्वागत गेट निर्माण | पूँजिगत | | १,०००.०० | |
| १४ | फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण सुधार | पूँजिगत | ५००.०० | | |
| १५ | उपरदाङगढी परिसरमा कोतघर निर्माण | पूँजिगत | | ३,०००.०० | वडा नं ७ |
| १६ | रा.आ.वि. चनौटे विद्यालय पूर्वाधार निर्माण | पूँजिगत | | १,०००.०० | वडा नं ६ |
| १७ | रा.आ.वि. पामडाँडा विद्यालय पूर्वाधार निर्माण | पूँजिगत | | ३००.०० | वडा नं |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | रा.आ.वि. खेतबारी पूर्वाधार निर्माण | पूँजिगत | | ५००.०० | वडा नं ७ |
| १९ | इच्छाकामना मन्दिरमा अधुरो प्रतिक्षालय भवन सम्पन्न | पूँजिगत | | ६००.०० | वडा नं ५ |
| २० | बारबाङ खोलाबाट डुँडगैरा जाने पैदल मार्ग | पूँजिगत | | १००.०० | वडा नं ३ |
| २१ | बाघाखोर नमोबुद्ध आमा समुह भवन संरक्षण | पूँजिगत | | २००.०० | वडा नं ७ |
| २२ | सिमलढाप सिंचाई कुलो निर्माण | पूँजिगत | | २००.०० | वडा नं ७ |
| २३ | ग्रेस चर्च भौतिक पूर्वाधार निर्माण | पूँजिगत | | ५००.०० | वडा नं ४ |
| २४ | सर्वशान्ति ठाडो बाटो स्तरोन्नति | पूँजिगत | | ८००.०० | वडा नं ४ |
| २५ | आलेचौतारा देखी बल्छितला सिढिँबाटो निर्माण | पूँजिगत | ३००.०० | | वडा नं ४ |
| २६ | डाँडागाँउ खानेपानी थोपा सिँचाई र पहिरो नियन्त्रण | पूँजिगत | ५००.०० | | वडा नं ३ |
| २७ | डाँडागाँउ एक घर एक धारा | पूँजिगत | | ५००.०० | वडा नं ३ |
| २८ | चण्डिभञ्ज्याङ महिला उद्यमी भवन भौतिक पूर्वाधार | पूँजिगत | ३००.०० | | वडा नं ६ |
| २९ | आधामारा रैबुङ मोटरबाटो नयाँ ट्र्याक निर्माण | पूँजिगत | | ५००.०० | वडा नं ६ |
| ३० | खानामा आत्मनिर्भर दिगो व्यवस्थापन कार्यक्रमको लागि संस्थागत अनुदान | पूँजिगत | २००.०० | | वडा नं ६ |
| ३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार | चालु | ५०.०० | | वडा नं १ |
| ३२ | मसलन्द तथा कार्यालय सामाग्री | चालु | | ५०.०० | वडा नं १ |
| ३३ | पदाधिकारी बैठक भत्ता | चालु | २०.०० | | वडा नं १ |
| ३४ | विविध खर्च | चालु | | २०.०० | वडा नं १ |
| ३५ | चुम्लिङटार गुम्बा निर्माण | पूँजिगत | ३००.०० | | वडा नं ३ |
| ३६ | त्रिवेणी यूवा क्लव भवन तटबन्धन | पूँजिगत | | ६००.०० | वडा नं ५ |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

[illegible]नि बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | त्रिवेणी यूवा क्लव भवन मोज्याइक टाइल तथा जिम सामाग्री | पूँजिगत | ४००.०० | | वडा नं ५ |
| ३८ | मुग्लिन सुरुङ कुलो मर्मत | पूँजिगत | २००.०० | | वडा नं ५ |
| ३९ | नयाँ चौतारा सिँढी बाटो निर्माण | पूँजिगत | २००.०० | | वडा नं ३ |
| ४० | बासखोला खानेपानी मुहान संरक्षण | पूँजिगत | १००.०० | | वडा नं ३ |
| ४१ | सिमलफेद धारापानी सिँढी निर्माण | पूँजिगत | | १००.०० | वडा नं ३ |
| ४२ | ओरेक राष्ट्रिय आधारभूत विद्यालय घेराबार | पूँजिगत | १००.०० | | वडा नं ३ |
| ४३ | गणेश राष्ट्रिय आधारभूत विद्यालय घेराबार | पूँजिगत | | १००.०० | वडा नं ३ |
| ४४ | चुमलिङ रुपलाङ सडक स्तरोन्नति | पूँजिगत | ४००.०० | | वडा नं ३ |
| ४५ | चुमलिङ रुपलाङ सडक मोड सुधार तथा निर्माण | पूँजिगत | | ४००.०० | वडा नं ३ |
| ४६ | वडा भित्र पर्ने विपद् व्यवस्थापन | पूँजिगत | १००.०० | | वडा नं ३ |
| ४७ | कमेरे मंगले खोरिया पहिरो नियन्त्रण | पूँजिगत | | १००.०० | वडा नं ३ |
| ४८ | बारबाङखोला तटबन्धन | पूँजिगत | २००.०० | | वडा नं ३ |
| ४९ | वडा कार्यालय पूर्वाधार निर्माण 3 | पूँजिगत | | २००.०० | वडा नं ३ |
| ५० | माथिल्लो डुँडे खानेपानी मर्मत सुधार | पूँजिगत | | १००.०० | वडा नं ३ |
| ५१ | डुँडगैरा बारबाङ खोला सडक तारजाली | पूँजिगत | | १००.०० | वडा नं ३ |
| ५२ | प्रदेश तथा सङ्घीय अनुदान फिर्ता | चालु | ३,०००.०० | | |
| ५३ | चुम्लिङटार गुम्बा भौतिक पूर्वाधार | पूँजिगत | | ३००.०० | वडा नं ३ |
| ५४ | साझेदारी कोष | पूँजिगत | | १,२००.०० | |
| ५५ | शैक्षिक संस्थाहरुलाइ सहायता | चालु | ५००.०० | | |
| ५६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | चालु | | २००.०० | |
| ५७ | फोक्सिङखोला साठीमुरे पामडाँडा सडक स्तरउन्नती | पुंजीगत | ७००.०० | | |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | फोक्सिङखोला साठीमुरे पामडाँडा सडक स्तरउन्नती ग्रेड मिलाउने तथा नयाँ कटिङ | पुँजीगत | | ७००.०० | |
| | जम्मा | | १२,९७०.०० | १२,९७०.०० | |

| | विपद् व्यवस्थापन कोष | विनियोजित रकम | ५,०००,०००.०० | रकम रु. | |
|---|---|---|---|---|---|
| क्र.सं. | बजेट शीर्षक | बजेट प्रकार | बजेट रकम घटाउने | बजेट रकम थप गर्ने | कैफियत |
| १ | विपद् प्रतिकार्य योजना | पूँजिगत | | ४,०००,०००.०० | |
| २ | विपद् न्यूनिकरणका लागी सामाग्री खरिद | पूँजिगत | | १,०००,०००.०० | |
| | जम्मा | | | ५,०००,०००.०० | |

**निर्णय नं.२:** यस गाउँपालिकाको आ.व. २०८१।०८२ को लागि गाउँ सभाबाट विनियोजन गरिएको विभिन्न आम्दानी स्रोतहरुमध्ये आन्तरिक स्रोत, राजश्व बाँडफाँट स्थानीय, सङ्घीय सरकार राजश्व बाँडफाँट तथा प्रदेश सरकार राजश्व बाँडफाँटबाट विनियोजित खर्च शिर्षकहरुमा आय अनुमान अनुसार आम्दानी अपुग भएमा सङ्घीय सरकारबाट हस्तान्तरित समपुरक तथा प्रदेश सरकारबाट हस्तान्तरित समपुरक योजनाहरुको गाउँपालिका स्रोत तर्फको बचत रकमबाट भुक्तानी दिने प्रस्ताव निर्णयार्थ गाउसभामा पेश गर्ने।

**निर्णय नं.३:** ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्रि तथा वितरण सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९) को दफा १२ बमोजिम यस गाउँपालिका क्षेत्र भित्र IEE स्वीकृत भएका नदी तथा खोलाहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा लगाएत) बिक्रि वितरण गर्न चालु आ.व. को लागि बागमती प्रदेश आर्थिक ऐनले प्रति क्यु. फिट न्यूनतम ७ रुपैयाँ राजश्व तोकेकोमा गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको प्रति क्यु. फिट ९ रुपैयाँ दरले राजश्व अग्रिम रुपमा लिई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको गौरवका आयोजनाहरुलाई सम्बन्धित आयोजना कार्यान्वयन गर्ने कार्यालय र स्थानीय तहको सिफारिसको आधारमा बिक्रि वितरण गर्ने प्रस्ताव गाउँसभामा निर्णयार्थ पेश गर्ने।

**निर्णय नं.४:** इच्छाकामना गाउँपालिका १ नं. वडा निवासी महिला स्वास्थ्य स्वयंसेविका श्री सुकमती प्रजा र २ नं. वडा निवासी महिला स्वास्थ्य स्वयंसेविका श्री महेश्वरी मैनाली ६० बर्ष उमेर पुरा भई उमेर हदका कारण सेवाबाट विदा हुनुभएको हुँदा निजहरुले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन तथा सम्मान गर्दै आ.व. २०८१।०८२ को कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा विनियोजित रकमबाट प्रोत्साहनस्वरुप जनही रु. १,३३,०००।-(अक्षरेपि एक लाख तेतीस हजार मात्र) मा नियमानुसार कर कट्टी गरी कायम हुन आउने नगद रकम र सम्मान-पत्र सहित विदाई गर्ने प्रस्ताव गाउँ सभामा निर्णयार्थ पेश गर्ने।

**निर्णय नं.५:** इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, यस अन्तर्गतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरु, इच्छाकामना आधारभूत अस्पताल, पर्यटकीय एवम् धार्मिक स्थलहरुमा सेवा करारमा कार्यरत रही २०८१ साल पुस मसान्तसम्म करार म्याद कायम रहेका कर्मचारीहरुको

दान बहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष

करार अवधि मिति २०८१ माघ १ गते देखि २०८१ असार मसान्त सम्म (६ महिनाको लागि) का लागि थप गर्ने प्रस्ताव गाउँसभामा निर्णयार्थ पेश गर्ने।

**निर्णय नं.६:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुमा देहाय बमोजिम संशोधन गरी सम्पूर्ण योजनाहरुको लागि वियोजित बजेट अनुमोदन तथा योजना सञ्चालन स्वीकृतार्थ गाउँसभामा पेश गर्ने।

तपसिल:

| | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ | | | रकम रु. | |
|---|---|---|---|---|---|
| क्र.सं. | बजेट शीर्षक | बजेट प्रकार | बजेट रकम घटाउने | बजेट रकम थप गर्ने | कैफियत |
| १ | धोद्रेसाल सिँढि बाटो | चालु | १३३,६००.०० | | वडा नं ३ |
| २ | सिमलफेद धारापानी सिमलबाटो | चालु | १३३,६००.०० | | वडा नं ३ |
| ३ | पानरङगीटोल सिँढि बाटो निर्माण | चालु | १३३,६००.०० | | वडा नं ३ |
| ४ | नयाँ चौतारा सिँढी बाटो निर्माण | चालु | १३३,६००.०० | | वडा नं ३ |
| ५ | झ्यापी आँप देखि चौतारा गोरेटो बाटो मर्मत सम्भार | चालु | | १३३,६००.०० | वडा नं ३ |
| ६ | बाल्टिन डाँडा गोरेटो बाटो मर्मत सम्भार | चालु | | १३३,६००.०० | वडा नं ३ |
| ७ | कातराक देखि पन्थभञ्ज्याङ सम्म गोरेटो बाटो मर्मत सम्भार | चालु | | २६७,२००.०० | वडा नं ३ |
| | जम्मा | | ५३४,४००.०० | ५३४,४००.०० | |

**निर्णय नं. ७:** चालु आ.व. २०८१।०८२ को श्रावण १ गते देखि पौष २८ गते सम्मको गाउँकार्यपालिका बैठकको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव गाउँसभामा पेश गर्ने ।

**निर्णय नं.८:** तत्काल गाउँसभाको बैठक बोलाउन सम्भव नभएको अवस्थामा सभाले गर्नुपर्ने भनी तोकिएका निर्णयहरु सम्बन्धी कार्य गर्न गाउँ कार्यपालिकाको बैठकलाई निर्णय गर्ने अधिकार प्रत्यायोजन गर्ने र त्यसरी गरिएको निर्णय गाउँसभाको ६ महिना भित्र बस्ने बैठकबाट अनुमोदन हुनुपर्ने अन्यथा उक्त निर्णय खारेज भएको मानिने प्रस्ताव गाउँसभामा पेश गर्ने ।

**निर्णय नं.९:** मिति २०८१।०९।१२ र १३ गते राष्ट्रिय आधारभूत विद्यालय, इच्छाकामना-७, उपरदाङगढी, चितवनमा मिस नेपाल प्रियंका रानी जोशीको सहयोगमा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रममा आउनुभएका डक्टर र स्वास्थ्यकर्मीहरुको टिमको खाजा, खाना र घर बासको लागि भएको खर्चको बढीमा रु.२५,०००।- (अक्षरेपि पच्चीस हजार मात्र) रकम प्रास बिल भर्पाईका आधारमा भुक्तानी दिने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.१०:** इच्छाकामना गाउँपालिका वडा नं. ६ (साविक कविलास गा.वि.स. वडा नं. ...) कुयलघारीमा पर्ने जग्गाधनी समिरराज श्रेष्ठको नाममा दर्ता कायम रहेको कित्ता नं. १०४, क्षेत्रफल १६९३.१५ व.मी. को जग्गा घडेरी बनाउने प्रयोजनको लागि खार्दा निस्किएको ३०० घ.मी. ढुङ्गा र ३०० घ.मी. माटो बागमती प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको दरमा राजश्व बुझाई निकासी गर्न श्री KBNS-BIRAT J/V भरतपुर-३, चितवनलाई अनुमति प्रदान गर्ने मिति २०८१।०९।२१ गतेको कार्यपालिका बैठकको निर्णय अनुमोदनको लागि गाउँसभामा पेश गर्ने।

**निर्णय नं.११:** २०८१ पौष मसान्तभित्र ५ बर्ष सेवा अवधि पुरा भएका तपसिलमा उल्लिखित कर्मचारीहरुको बागमती प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९(२) तथा दफा ३०(१) बमोजिम सम्पूर्ण आवश्यक योग्यता पुगेकोले दफा ३०(२) बमोजिम माघ १ गते देखि लागू हुने गरी एक तह बृद्धि गर्ने।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम थर | हालको पद र तह | संकेत नम्बर | शुरु नियुक्ति मिति | बृद्धि हुने पद र तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उद्गम तिमिल्सिना | लेखा अधिकृत, सातौँ | २४३९०८ | २०७६।०९।०७ | बरिष्ठ लेखा अधिकृत, आठौँ | मिति २०७८।१२।२५ देखि लागू हुने गरी सातौँ तह कायम |
| २. | बासु पण्डित | शाखा अधिकृत, सातौँ | २३५७९० | २०७६।०८।२३ | बरिष्ठ शाखा अधिकृत, आठौँ | मिति २०७८।१२।२४ देखि लागू हुने गरी सातौँ तह कायम |
| ३. | विपना सूर्यवंशी | लेखा सहायक, पाँचौँ | २३६५५३ | २०७६।०९।०३ | सहायक लेखा अधिकृत, छैटौँ | |
| ४. | प्रतिक्षा कोइराला | आ.ले.प. सहायक, पाँचौँ | २३७२४६ | २०७६।०९।०७ | सहायक लेखा ~~परिक्षण~~ अधिकृत, छैटौँ | |
| ५. | सृष्टि अधिकारी | सहायक पाँचौँ | २३८३६५ | २०७६।०९।२२ | बरिष्ठ सहायक, पाँचौँ | |

... बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष